

# रिकनेक्ट

रिकनेक्ट एउटा नि: शुल्क सेवा हो जसले घाइते कामदारहरूलाई सेवाहरू पहुँच गर्न मद्दत गर्दछ। यो सेवा स्व-बीमित रोजगारदाताहरूका कर्मचारीहरूका लागि पनि उपलब्ध छ।

रिकनेक्ट कामको चोट बीमा दावीको कुनै पनि चरणमा उपलब्ध छ, यो सेवा त्यतिबेला सबैभन्दा उपयोगी छ जब:

- आय सहयोग समाप्त हुँदैछ
- दावी अस्वीकार गरिएको छ
- यदि दावी निर्णय विवाद गर्नु हुँदैछ भने
- दावी स्वीकृत हुनु अघि वा सबै अधिकारहरू समाप्त भएपछि
- यदि सेवानिवृत्तिको उमेर नजिक आउँदैछ भने।

रिकनेक्टका सल्लाहकारले तपाईंलाई सहयोग सेवाहरू पहुँच गर्न मद्दत गर्न सक्छन्, जस्तै:

- वित्तीय परामर्श
- सेन्टरलिंक
- आवासीय सहयोग
- स्वयंसेवा र काम खोज्ने सहयोगहरू
- पारिवारिक सहयोग
- घरमा सहयोग
- समुदायमा स्वास्थ्य सेवाहरू।

रिकनेक्टका सल्लाहकारहरूले आमनेसामने, फोन वा इमेल मार्फत भेटघाट गर्न सक्छन्। हामीले कसरी मद्दत गर्न सक्छौँ भन्ने बारे छलफल गर्न, ०८ ८२३८ ५९५९ मा फोन गर्नुहोस् वा reconnect@rtwsa.com मा इमेल गर्नुहोस्।

अङ्ग्रेजी बाहेक अन्य भाषामा रिकनेक्टका सल्लाहकारसँग कुरा गर्नको लागि १८०० २८० २०३ मा दोभाषे र अनुवाद केन्द्रमा फोन गर्नुहोस् र तिनीहरूलाई रिटर्नटूवर्कएसएलाई १३ १८ ५५ मा सम्पर्क गर्न लगाउनुहोस् । यो दोभाषे सेवा तपाईंलाई कुनै पनि शुल्क बिना नै उपलब्ध छ।